# नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)
## प्रबर्द्धन तथा प्रचार प्रसार महाशाखा

# विज्ञान लेखमाला प्रकाशन

विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) बाट २०४२ साल देखि विज्ञान लेखमाला प्रकाशन गर्दै आएको छ । विज्ञान लेखमालाको मुख्य उद्देश्य **"समाजको लागि विज्ञान समृद्धिको लागि नवप्रवर्तन"** बारे ज्ञान दिने रहेको छ । विज्ञान लेखमालामा प्रकाशन हुने लेखहरु सञ्चारकर्मीहरुलाई मात्र नभई विज्ञान तथा प्रविधिसँग आबद्ध समाजलाई, ग्रामीण तथा शहरी क्षेत्रका विद्यार्थीहरुका साथै आम जनमानसले समेत बुझ्ने सरल भाषामा लेखिएको हुनेछ । प्रकाशित विज्ञान लेखमाला देशका विभिन्न संघ संस्था, विद्यालय, विश्व विद्यालय, पुस्तकालय आदिमा निःशुल्क वितरण गरिनेछ । विज्ञान लेखमाला वर्षमा ३ वटा (चौमासिक) प्रकाशन गरिनेछ ।

विज्ञान लेखमालामा राखिने लेखहरुको निर्देशिका निम्न अनुसार हुनेछन् :

- विज्ञान लेखमालाको लागि लेख नेपालीमा हुनु पर्नेछ । Scientific नामहरु वा अन्य केही अंग्रेजीमा लेख्न पर्ने भए सो ब्राकेट भित्र लेख्न सकिनेछ ।
- लेख बढीमा ४ पानाको हुनुपर्नेछ ।
- विज्ञान लेखमालाको लागि प्राप्त लेखहरु सम्बन्धित क्षेत्रका विज्ञ वा वैज्ञानिक तथा प्राविधिकबाट Review गरिनेछ र स्वीकृत भएका लेखहरु मात्र समावेश गरिनेछ ।
- लेखको शीर्षकको साइज २० प्रिती फन्टमा र बोल्ड हुनु पर्नेछ । शीर्षक पछि डबल स्पेसिङ्ग गरिनु पर्नेछ । लेखको लाइनहरु Single Spacing मा हुनु पर्नेछ । छेउमा फोटो राखिएको छ भने सो लाइनलाई आधा लाइनमा गणना गरिनेछ ।
- लेखमालाको साइज B5 (7.5" चौडाई 10" लम्बाई) को हुनेछ र हरेक पेजमा Top 1" Bottom 1" र Left 1" Right 1" छोड्न पर्नेछ ।
- हरेक लाइनको Heading पछि Single Space र हरेक उपशीर्षकको साइज १८ Bold गर्नु पर्नेछ । हरेक Paragraph पछि Double Spacing हुनु पर्नेछ ।
- लेखको अक्षर साइज १६ र प्रिती फन्टमा हुनु पर्नेछ ।
- लेखमा राखिएका फोटोहरु JPG मा High Resolution को हुनुपर्नेछ र फोटो मुनिको Caption प्रष्टसँग १४ फन्टमा हुनु पर्नेछ ।
- लेखको अन्तिममा लेखकको नाम, संस्था, मोवाइल नं. र ईमेल प्रष्टसँग राख्नु पर्नेछ ।